# लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन (कार्यविधि) निर्देशिका, २०७५

लम्कीचुहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०७/११

# लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन (कार्यविधि निर्देशिका, २०७५

प्रस्तावना :

हाम्रो देश नेपालले खेलकुद जगतमा निकै ठुलो लोकप्रियता हासिल गरेको छ। खेलकुदको क्षेत्रमा विकास, अनुशासन र गतिशिलताले फड्को मार्दै नेपालका कतिपय खेलाडीहरुले अर्न्तराष्ट्रिय खेलकुद प्रतियोगितामा नेपालको भूमिलाई सगरमाथाको देश भनि चिनाउन सफल भएका छन्। नगरका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मूल उद्देश्यलाई सार्थक तुल्याउन खेलकुद क्षेत्रको उचित संरक्षण र व्यवस्थापन गर्नु स्थानीय सरकारको कर्तव्य अन्तर्गत पर्ने भएकाले यस लम्कीचुहा नगरपालिकाले खेलकुद जगतको महत्वलाई हृदयङ्गम गरी लम्कीचुहा नगरपालिकाको सबै वडाहरु समेटिने गरी लम्कीचुहा नगरपालिकाको प्रत्यक्ष रेखदेख, संरक्षण, निगरानी र निर्देशनमा खेलकुद कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गरी नगर क्षेत्रभित्र खेलकुदमा सबैको समान सहभागिता गराई स्वस्थ जीवन यापन गर्नका लागि व्यवस्थित नगर निर्माण कार्यलाई परिणाममुखि तुल्याउन यस सम्बन्धी कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ उपधारा (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) (१) र सुदुरपश्चिम प्रदेश सभाद्वारा स्थानीय तहको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा (३) को उपदफा (२) (१) र लम्कीचुहा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (३) र (४) मा रहि कानुन बनाउन सक्ने भन्ने व्यवस्था भए बमोजिम लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०७/११ गतेको बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो संचालन कार्यविधि निर्देशिकाको नाम "लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" को संचालन कार्यविधि निर्देशिका, २०७५ रहनेछ।

(ख) यो निर्देशिका लम्कीचुहा नगर कार्यपालिकाले स्वीकृत गरी जारी गरेको मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **'कार्यविधि निर्देशिका'** भन्नाले "लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" को गठन तथा संचालन कार्यविधि निर्देशिका, २०७५ लाई सम्झनु पर्नेछ।

(ख) **'नगरपालिका'** भन्नाले लम्कीचुहा नगरपालिका भन्ने सम्झनु पर्दछ।

(ग) **'समिति'** भन्नाले "लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" नामक संस्थालाई सम्झनु पर्दछ।

(घ) **'नियम'** भन्नाले नेपाल सरकारको प्रचलित नियम कानुनलाई सम्झनु पर्दछ ।

(ङ) **'सन्चालक समिति'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सन्चालन कार्यविधि निर्देशिका, २०७५ को दफा १२ को (क), (ख), (ग) र (घ) बमोजिम गठित पदाधिकारी एवं सदस्यहरुलाई मौजुदा संचालक समिति सम्झनु पर्दछ ।

(छ) **'अध्यक्ष'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(ज) **'उपाध्यक्ष'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" को १७ जनाको बोर्डको बैठकले सदस्य मध्येबाट बहुमतको आधारमा मनोनित गरेको व्यक्ति सम्झनु पर्ने छ ।

(झ) **'सचिव'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको सचिवलाई सम्झनु पर्नेछ ।

(ञ) **'कोषाध्यक्ष'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको कोषाध्यक्षलाई सम्झनु पर्नेछ ।

(झ) **'सन्चालक सदस्य'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" का सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(ञ) **'संरक्षक'** भन्नाले लम्कीचुहा नगरपालिकाका नगर प्रमुखलाइ सम्झनु पर्नेछ ।

(ट) **'कर्मचारी'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलालीले खेलकुद कार्यक्रम अवधिभर काम गर्न तोकेको कर्मचारीहरुलाई सम्झनु पर्नेछ

(ठ) **'शुल्क'** भन्नाले लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली" लाई खेलकुदको समयमा बुझाउनु पर्ने वा खेलकुद समितिले उठाउने अन्य रकम भन्ने बुझ्नु पर्नेछ ।

ड) **'उपसमिति'** भन्नाले यस कार्यविधि बमामेजिम गठित लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलालीको आवश्यकता अनुसार गठन गरिएका वडा अर्न्तगतका समिति भन्ने सम्झनुपर्नेछ ।

(ढ) **'संयोजक'** भन्नाले यस कार्यविधि बमोजिम गठित वडा अर्न्तगतका उप-समितिका संयोजकलाई बुझाउनेछ ।

(ण) **'सदस्य सचिव'** भन्नाले यस निर्देशिकाका बमोजिम लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलालीको दैनिक कार्यालय संचालन तथा प्रशासनिक कामकाज गर्नका लागि काम गर्न खटाइएको कर्मचारीलाई सम्झनु पर्नेछ ।

३. **नगर खेलकुद विकास समितिको छाप** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलालीको छाप अनुसुची-१ बमोजिम हुनेछ ।

४. **नगर खेलकुद विकास समितिको कार्यालय** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको कार्यालय कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं. २ भल्कामा रहनेछ र यसको संचालन, रेखदेख र नियन्त्रण लम्कीचुहा नगरपालिका कार्यालय, भल्का कैलालीले गर्ने छ ।

## परिच्छेद-२

## नगर खेलकुद विकास समितिको उद्देश्य

५. **नगर खेलकुद विकास समितिका उद्देश्यहरु देहाय बमोजिम रहनेछन्**

(क) यस नगर खेलकुद विकास समितिले खेलकुद गतिविधिको संचालन तथा व्यवस्थापन गर्नेछ ।

(ख) नगर खेलकुद विकास समितिले वर्षको एक पटक सप्ताहव्यापी रुपमा नगर स्तरिय नगर प्रमुख रनिङ्ग शिल्ड वा मेयर कप खेलकुद प्रतियोगिता कार्यक्रम संचालन गर्ने छ ।

(ग) नगरवासीको रुची, क्षमता र आवश्यकताको आधारमा सबै नागरिकलाई खेलकुदप्रति आकर्षित गराउने र सहभागि हुने कार्यक्रम संचालन गर्नेछ ।

(घ) खेलकुद क्रियापलाप संचालनका लागि सम्बन्धित निकाय/तह, कुनै दाता, व्यक्ति वा समुदाय समक्ष आर्थिक, प्राविधि तथा भौतिक सहयोग जुटाउन पहल गर्नेछ ।

(ङ) नगर खेलकुद संचालनका लागि आवश्यक पर्ने रकम नेपाल सरकारको पूर्व स्वीकृती लिई विदेशी सरकारी वा गैर सरकारी संघ संस्थासंग अनुदान वा सहयोग समेत जुटाउन आवश्यक पहल गर्नेछ ।

(च) लम्कीचुहा नगर खेलकुद विकास समितिले आफ्नो एक छुट्टै कार्यालय व्यवस्थापन गरी दैनिक कामकाज संचालन गर्नेछ ।

(ज) नगर खेलकुद विकास समितिका बाँकी उद्देश्यहरु नगरपालिकाको परामर्शमा समितिको संचालक समितिले निर्णय गरे बमोजिम हुनेछन् ।

परिच्छेद-३

## खेलकुद सञ्चालन र व्यवस्थापन

६. लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७५ बमोजिम गठित संचालक समितिले खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

७. नगर खेलकुद विकास समितिको प्राविधिक/आर्थिक सहयोगीका रुपमा लम्कीचुहा नगरपालिका कार्यालय तथा अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु रहनेछन् ।

८. **संचालक समिति** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७५ बमोजिम संचालक समितिको गठन नगर कार्यपालिकाको बैठकले गर्नेछ ।

९. **संचालक समितिको बैठक** :संचालक समितिको बैठक नियमित रुपमा मासिक एकपटक अनिवार्य रुपमा बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै वखत बैठक बस्न सक्नेछ ।

१०. नगर खेलकुद विकास समितिको कामको सिलसिलामा खटिने संचालक सदस्य तथा कर्मचारी समेतले त्यसरी खटाउने निकायबाट तोकेको आतेजाते खर्च पाउनेछन् ।

११. **संचालक समतिको काम, कर्तव्य र अधिकार** : संस्थाको सञ्चालन निर्देशिकामा तोकिए बाहेक नगर खेलकुद विकास समिति संचालन तथा व्यवस्थापनका लागि सचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संचालक समिति नगर खेलकुद विकास समितिबाट संचालन गरिने सम्पूर्ण सेवा शर्तप्रति जवाफदेही रहनेछ ।

(ख) नगर खेलकुद विकास समितिले प्रभावकारी सेवा प्रदान गर्न आवश्यक रकम जुटाउनका लागि स्रोत संकलनका खाका तथा योजनाहरु बनाई समितिल खेलको सञ्चालन एवं विकासका लागि कार्य गर्नेछ ।

(ग) निर्देशिकामा उल्लेख उद्देश्यहरु प्राप्तिका लागि आवश्यक सम्पूर्ण कार्यहरु गर्ने तथा सो सम्बन्धमा हुने कार्यहरुको कार्यन्वयन, अनुगमन तथा मूल्याकंन गर्ने गराउनेछ ।

(घ) नगर खेलकुद विकास समितिले वडा नं. २ भल्का, कैलालीमा आफ्नो कार्यालय स्थापना गरी खेलकुद सम्बन्धी विविध गतिविधि सञ्चालन गर्ने ।

(ङ) विभिन्न प्रतिस्पर्धात्मक खेलकुद गतिविधिहरु संचालन, स्तरोन्नतिकरण तथा आकर्षण अभिवृद्धि गर्न विविध योजना निर्माण गर्ने ।

१२. नगर खेलकुद विकास समितिको गठन : लम्कीचुहा नगर खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रमुखले तोकेको व्यक्ति : अध्यक्ष, सचिव सहित ३ जना सदस्य : जम्मा ५ जना

(ख) नगर उप-प्रमुखले तोकेको व्यक्ति : महिला : १ जना कोषाध्यक्ष सहित १ जना सदस्य : जम्मा २ जना

(ग) प्रत्येक वडा समिति बैठकको निर्णय सहित सिफारिस भई आएका सदस्य : १० जना

(घ) समितिको १७ जनाको बोर्डको बैठकबाट बहुमत सदस्यका रायको आधारमा सदस्यहरु मध्येबाट उपाध्यक्ष मनोनित गर्न सकिने छ ।

१३. संचालक समिति पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति संचालनका लागि संचालक समितिका पदाधिकारी तथा उपसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(अ) **अध्यक्ष** : संचालक सदस्य तथा अन्य पदाधिकारी एवं उपसमिति समेतलाई नगर खेलकुद विकास समितिको गठन तथा संचालन कार्यविधि, २०७५ को पूर्णतया पालना गर्न गराउन लगाउने तथा सो का लागि आवश्यक निर्देशन दिई अध्यक्षको हैसियतले कार्य गर्ने गराउने ।

आ) लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

इ) नगर खेलकुद विकास समितिको संचालन तथा आर्थिक भौतिक व्यवस्थापनको चाँजो मिलाउने ।

ई) बैठक तथा कार्यक्रमको अध्यक्षता ग्रहण गर्ने ।

(ख) **उपाध्यक्ष** : अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।

(ग) **सचिव** : (अ) बैठकको माइन्युट लेख्ने ।

(आ) बैठक तथा कार्यक्रम संचालन गर्ने ।

(इ) लिखत प्रतिवेदन तथा दस्तावेज तयार गर्ने ।

(घ) **कोषाध्यक्ष** : (अ) आर्थिक हिसाब किताब राख्ने ।

(ङ) **संचालक सदस्य** : संचालक सदस्यहरुले नगर खेलकुद विकास समितिको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने ।

(च) **उपसमिति संयोजक** : नगर खेलकुद विकास समितिको संचालन तथा व्यवस्थापनका लागि संचालक समितिले दिएको म्यान्डेट अनुसार कार्य गर्ने, गराउने ।

(छ) **सदस्य सचिव** : नगर खेलकुद विकास समितिको बैठक निर्णय तथा अन्य क्रियाकलाप वा गतिविधिहरुको समेत अभिलेख राख्ने ।

१४. **पदावधि** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको पदावधि दुई वर्ष हुनेछ र वडा अर्न्तगतका उपसमितिको पदावधि वडा समितिले तोके बमोजिम हुनेछ ।

१५. **वडा स्तरिय उप-समिति गठन** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको मातहतमा रहने गरी नगरपालिकाको वडा समितिले देहायको ९ (नौ) सदस्यीय वडा स्तरिय खेलकुद विकास उप-समिति गठन गर्न सक्ने छ ।

क. संयोजक - १ जना

ख. उप-संयोजक - १ जना

ग. सचिव - १ जना

घ. कोषाध्यक्ष- १ जना

ङ. सदस्य - ५ जना

१६. **पद रिक्तता** :यस निर्देशिका बमोजिम गठित समितिमा आबद्ध सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ ।

(क) मृत्यु भएमा ।

(ख) राजीनामा दिएमा ।

(ग) नगर कार्यपालिकाले नैतिक पतन तथा फौजदारी अभियोग प्रमाणित देखाई अयोग्य ठहर गरेमा ।

(घ) नगर खेलकुद विकास समितिको हित विपरीत हुने कुनै कार्य गरेमा ।

(ङ) कार्यविधिको दफा १२ को (क) देखि (ग) मा व्यवस्था भए बमोजिम नियुक्ति पाएका पदाधिकारी तथा सदस्यलाई कुनै कारणले नगरपालिकाका सम्वन्धित पदाधिकारीले बर्खास्त गरेमा ।

(च) आर्थिक हिनामिना गरेको प्रमाणित भएमा ।

१७. **पदपूर्ति सम्बन्धी व्यवस्था** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७५ को दफा १२ का (क), (ख), (ग) र (घ) बमोजिमको

प्रक्रियाबाट नियुक्ति पाएका कुनै पदाधिकारी तथा सदस्यको पद रिक्तता भएमा सोहीमा व्यवस्था भए बमोजिम सिफारिसको आधारमा पदपुर्ति गरिनेछ ।

१८. **राजिनामा स्वीकृति** : (१) नगर खेलकुद विकास समितिको अध्यक्षले नगर प्रमुख समक्ष र अन्य पदाधिकारी तथा सदस्यको राजीनामाको स्वीकृति नगर खेलकुद विकास समितिको अध्यक्षबाट हुनेछ ।

(२) वडा उपसमितिका संयोजकले वडा अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्यले संयोजक समक्ष लिखित राजिनामा पेश गरेमा ।

१९. **कर्मचारी सम्बन्धी व्यवस्था तथा सेवा सुविधा** : (१) लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिलाई आवश्यकता भएको खण्डमा लम्कीचुहा नगरपालिकाले आवश्यक प्रक्रिया पुयाई नगर खेलकुद विकास समितिको कोषबाट नै तलब भत्ता व्यहोने गरी कर्मचारी नियुक्ति गर्न सकिने छ ।

(२) नगर खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुलाई कुनै सेवा सुविधा उपलब्ध गराउनु परेमा लम्कीचुहा नगरपालिका, नगर खेलकुद विकास समितिको कोषबाट हुनेछ ।

२०. **आर्थिक स्रोत** : संस्थाले संचालन गर्ने आर्थिक श्रोतहरु देहाय बमोजिमका हुनेछन् :

(क) यस संस्थाले नगर खेलकुद विकास समितिका लागि लम्कीचुहा नगरपालिका, नेपाल सरकार, प्रदेश सरकार वा अन्य सरकारी वा गैरसरकारी संघसंस्था वा निकाय, व्यक्ति वा व्यक्ति समूह वा कुनै दाताबाट प्राप्त गर्ने दान, अनुदान वा सहयोग रकम ।

(ख) नेपाल सरकारको पूर्व स्वीकृति लिई कुनै विदेशी सरकार वा गैरसरकारी संघ वा संस्था दातृ संघ वा संस्थाबाट प्राप्तहुने ऋण वा सहयोग वा अनुदान ।

(ग) खेलकुद संचालन गर्नु पूर्व सेवा शुल्क बापत लिइने रकम ।

(घ) खेलकुद संचालनबाट प्राप्त रकम र नगरपालिकाबाट प्राप्त अनुदान रकम ।

२१. **चल अचल सम्पत्तिको विवरण** : नगर खेलकुद विकास समितिको देहाय अनुसारको चल अचल सम्पत्ति रहनेछ :

(क) **चल सम्पत्ति** : नगर खेलकुद विकास समितिको नाममा खाता खोली बैंकमा रहेको नगद जम्मा वा सो बाट प्राप्त हुने ब्याज । नगर खेलकुद विकास समितिमा प्रयोग हुने खेलकुद तथा प्राविधिक सामग्री तथा आम्दानीहरु ।

(ख) **अचल सम्पत्ती** : नगर खेलकुद विकास समितिको भवन, तथा जमिन अचल सम्पत्तिको रुपमा रहने छन् ।

२२. **कोषको व्यवस्था** : (१) यस नगर खेलकुद विकास समितिको नगद आयलाई बैंकमा जम्मा गरी नगरपालिकको सिफारिसमा खाता संचालन गरिनेछ सम्पूर्ण कारोबार बैंक खाता मार्फत हुनेछ ।

(२) आर्थिक कारोबारका लागि नगर खेलकुद विकास समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त खाता खोली कुनै दुई दस्तखतबाट बैंक कारोबार हुनेछ । अध्यक्षको सही अनिवार्य हुनेछ

२३. **लेखा परिक्षण** : समितिको लेखापरीक्षण रजिस्टर्ड लेखापरीक्षकबाट प्रत्येक आर्थिक बर्ष समाप्तिको दुई महिना भित्र गरी प्राप्त बेरुजु बाँकी बक्यौता फर्स्यौट गरी प्रतिवेदन नगरपालिकामा प्रस्तुत गरिने छ । आन्तरिक लेखा परीक्षण नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट हुनेछ ।

२४. **विनियम बनाउन सकिने** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७५ मा भएका व्यवस्थाहरु नबाझिने गरी नगर खेलकुद विकास समितिले आफनो छुट्टै विनियम बनाउन सक्ने छ । सो विनियममा वडास्तरीय खेलकुद विकास उप-समितिको समेत सञ्चालन तथा व्यवस्थापन संम्वन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ ।

२५. **नियुक्ति सम्बन्धी व्यवस्था** : लम्कीचुहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुलाई कार्यविधिमा व्यवस्था भएको समयावधि तोकी नियुक्ति पत्र उपलब्ध गराईने छ ।

२६. **शपथ ग्रहण सम्बन्धी व्यवस्था** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि निर्देशिका २०७५ को अनुसूचि-२ मा व्यवस्था भए बमोजिम नगर प्रमुखद्धारा अध्यक्षलाई र अध्यक्षद्धारा अन्य पदाधिकारी तथा सदस्यहरुलाई शपथ ग्रहण गराईने छ ।

२७. **निर्देशिका संसोधन** : यो निर्देशिका संसोधन गर्न आवश्यक परेमा लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको बैठकबाट संसोधन गर्न सक्नेछ ।

२८. **बचाउ तथा खारेजी** : यो निर्देशिका प्रचलित संविधान, ऐन, नियमसंग बाँझिन गएमा सो बाझिएको हदसम्म लागु हुने छैन ।

२९. **नगर खेलकुद विकास समितिको विघटन** : लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति विघटन भएको खण्डमा यसको चल अचल सम्पति लम्कीचुहा नगरपालिकाको हुनेछ ।

अनुसूची-१

लम्कीचुहा नगरपालिका

नगर खेलकुद विकास समितिको छाप

संस्थाको गोलाकार छापको बाहिरी गोल घेरामा **लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समिति, भल्का कैलाली** लेखिएको र भित्रपट्टि कर्णाली पुलको बीचमा  युवाहरुले हात समाएको तस्वीर अंकित गरी स्थापना साल र संस्थाको ठेगांना लेखिएको हुनेछ ।

अनुसूची-२
लम्कीचुहा नगरपालिका
नगर खेलकुद विकास समिति
भल्का, कैलाली

शपथ ग्रहण

म.......................................... लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिको पदाधिकारी/सदस्य........................पदको जिम्मेवारी लिईरहेको महत्वपूर्ण घडीमा निम्नलिखित प्रतिज्ञा गर्दछु ।

म लम्कीचुहा नगरपालिका नगर खेलकुद विकास समितिमा रहँदा नगरको गौरव तथा स्वस्थ नगरबासीका लागि खेलकुद भन्ने मूल नारालाई सार्थक बनाउँदै खेलकुदको मूल्य मान्यता समेतलाई अक्षुण राख्दै निःस्वार्थ भावनाले मन, वचन र कर्मले इमानदारीपूर्वक आफ्नो कर्तव्यप्रति जागरुक रही खेलकुदको माध्यमबाट नगरको गौरव, मान प्रतिष्ठा बढाउने कार्यमा सदैव अग्रसर रहिरहन्छु । आफ्नो पदिय कार्यमा निरन्तर लगनशिल भई आफ्नो पदिय दायित्वको निर्वाह गर्नेछु र आफ्नो पद अनुरुपको कार्य सम्पादन गर्दा प्राप्त हुने सबै खालका गोपनियतालाई समेत जोगाई राख्नेछु ।

**प्रमाणिकरण गर्नेको सहि**

नाम : महादेव बजगाई

पद : नगर प्रमुख

प्रमाणिकरण मिति : २०७५।०७।११

हस्ताक्षर :